बुढीनन्दा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## (रोजगार सेवा केन्द्र)

कोल्टी, बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

प्रकाशन मितिः २०७९।१०।२५

**न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने सम्बन्धि अत्यन्त जरुरी सूचना ।**

श्रम रोजगार तथा सामाजिक सूरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) अन्तर्गत आगामी आर्थिक वर्ष २०८०/०८१ मा रोजगार सेवा केन्द्रको समन्वयमा प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको कार्यान्वयनबाट सामाजिक र आर्थिक अवसरबाट वञ्चित महिला, आदिवासी, जनजाती, मधेसी, दलित तथा अन्य सिमान्तकृत समुदाय लगायतलाई सामाजिक संरक्षण उपलब्ध गराउने उद्देश्य बमोजिम आफु स्थाई बसोबास गरेको वडा कार्यालयमा निःशुल्क पाईने बेरोजगार फारम भरी १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकासका कार्यमा योगदान गर्न ईच्छुक विपन्न वर्गका बेरोजगार व्यक्तिहरुले २०७९ साल फागुन २७ गते भित्र बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवस्यक न्यूनतम मापदण्ड :**

- निवेदकको नागरिकताको स्पष्ट देखिने प्रतिलिपि - १ प्रति ।
- यो आर्थिक वर्षमा न्यूनतम १०० (एक सय) दिनको रोजगारमा संलग्न नभएको परिवारका सदस्य ।
- बार्षिक आम्दानी रु ५७७००/- भन्दा कम भएको परिवार।
- निवेदक कम्तीमा १८ वर्ष पुरा भई ५९ वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।
- निवेदक स्वयम फारम भर्न उपस्थित हुनुपर्नेछ ।
- नागरिकतामा फरक जारी जिल्ला भएमा बसाईसराई अथवा बिवाह दर्ताको प्रतिलिपि अनिवार्य संलग्न हुनुपर्नेछ ।
- निवेदनमा उल्लेखित सम्पुर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र रोजगार व्यवस्थापन सुचना प्रणाली (EMIS) मा प्रविष्ट गरिने छ ।
- निवेदक पुर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रममा सहाभागी हुन ईच्छुक रहेको हुनुपर्नेछ ।

**बेरोजगार व्यक्ती छनौट प्रकृयाको प्राथमिकता निर्धारण आधार :**

- कृषी उत्पादन वा ज्याला मजदुरीले वर्षमा ३ महिना खान नपुग्ने परिवारको सदस्य,
- निवेदक भूमिहिन वा सुकुम्बासी भएको,
- एकल महिला घरमुली भएको परिवारको सदस्य,
- दलित अल्पसंख्यक वा लोपन्मुख समुदायको परिवारको सदस्य,
- कोही पनि सदस्य स्वरोजगार नभएको वा सामाजिक सुरक्षा लगायत सरकारी कोषबाट सुविधा नलिएको परिवारको सदस्य,
- बार्षिक एक सय दिनको रोजगारी वापत एक व्यक्तिले प्राप्त गर्ने न्यूनतम पारिश्रमिक (नेपाल सरकारले तोकेको) भन्दा कम नगद आय भएको परिवारको सदस्य,
- सहिद तथा वेपत्ता पारिवारको सदस्य,
- महिला बेरोजगार व्यक्ति।

*नोट : माथि उल्लेखित कागजात र विवरण अपुर्ण भएमा फाराम स्वतः रद्द हुनेछ ।*

रमा शाही
रोजगार संयोजक

रोजगार सेवा केन्द्र
(बुढीनन्दा नगरपालिका, बाजुरा)

"श्रमको सम्मान, राष्ट्रको अभियान"